नेपाल सरकार
**अर्थ मन्त्रालय**

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः २०८२/०४/२१

**जलवायु वित्त परिचालन कार्यविधि, २०८२ को मस्यौदामा राय सुझाव आह्वान।**

नेपालमा जलवायु वित्त परिचालनलाई थप प्रभावकारी बनाउने उद्देश्यले **जलवायु वित्त परिचालन कार्यविधि, २०८२** को मस्यौदा तयार गरिएको छ। उक्त मस्यौदामा सरोकारवालाहरुको राय सुझावको लागि मन्त्रालयको वेवसाइटमा अपलोड गरिएको छ। सो मस्यौदा उपर २०८२/५/१० गतेभित्र राय सुझाव उपलब्ध गराईदिन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ।

**सुझाव पठाउने ठेगानाः**

अर्थ मन्त्रालय
वैदेशिक सहायता समन्वय महाशाखा
इमेल ठेगानाः **cfu@mof.gov.np**

# जलवायु वित्त परिचालन कार्यविधि,

# २०८२

मस्यौदा

नेपाल सरकार,

अर्थ मन्त्रालय

# जलवायु वित्त परिचालन कार्यविधि, २०८२

प्रस्तावना: नेपालमा जलवायु परिवर्तनले गम्भीर प्रभाव पारेको छ। जलवायु परिवर्तनमा नेपालको योगदान नगन्य भएतापनि यसका असरहरूको सामना गर्न अतिरिक्त कार्यहरू गर्नुपर्दा खर्चको आवश्यकता बढ्दै गएको छ। बढेको खर्चको आवश्यकतालाई सीमित आन्तरिक स्रोतले मात्र धान्न नसक्ने हुँदा जलवायु न्यायका दृष्टिकोणबाट समेत बाह्य वित्तीय स्रोतहरूमा पहुँच बढाउनु पर्ने आवश्यकता देखिन्छ। अन्तर्राष्ट्रिय स्तरमा जलवायु न्यायको सिद्धान्तको आधारमा थप जलवायु वित्तको लागि पैरवी गर्न एवम् उपलब्ध हुने वित्तीय स्रोतको राष्ट्रिय आवश्यकता र प्राथमिकताको आधारमा जलवायु सम्बन्धी कार्यमा उपयोग गरी उत्थानशील समाजको निर्माण र न्यून कार्बन उत्सर्जन गर्ने विकास प्रक्रियामा सहयोग गर्न आर्थिक कार्यविधि ऐन, २०७६ को दफा ६५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले "जलवायु वित्त परिचालन कार्यविधि, २०८२" जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "जलवायु वित्त परिचालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिका लागि,-

१. "अनुदान" भन्नाले फिर्ता गर्नु नपर्ने तथा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी प्राप्त गरेको रकम सम्झनु पर्छ।

२. "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले समाजकल्याण ऐन, २०४९ को दफा १२ बमोजिम नेपालभित्र काम गर्न अनुमति प्राप्त वा अनुमति प्राप्त गर्न चाहने विदेशी संघ संस्था सम्झनु पर्छ।

३. "उत्सर्जन न्यूनीकरण" भन्नाले हरितगृह ग्याँस उत्सर्जन घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

४. "जलवायु अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर तथा जोखिमको आकलन गरी थप हानिनोक्सानी रोकथाम तथा न्यूनीकरण गर्ने कार्यलाई सम्झनु पर्छ।

५. "जलवायु कोष" भन्नाले संयुक्त राष्ट्रसंघीय जलवायु प्रारूप महासन्धि, पेरिस सम्झौता लगायत अन्य अन्तर्राष्ट्रिय महासन्धि तथा सन्धि अन्तर्गत जलवायु सम्बन्धी कार्यमा स्रोत उपलब्ध गराउन स्थापित कोषका अतिरिक्त जलवायु सम्बन्धी कार्यका लागि स्रोत उपलब्ध गराउन स्थापित अन्य द्विपक्षीय तथा बहुपक्षीय कोषहरू समेतलाई सम्झनु पर्छ।

६. “जलवायु वित्त” भन्नाले जलवायु सम्बन्धी कार्यका लागि नेपाल बाहिरका जलवायु कोष, द्विपक्षीय तथा बहुपक्षीय जलवायु वित्त साझेदारहरूबाट प्राप्त हुने सहायता रकमका अतिरिक्त कार्बन व्यापारबाट प्राप्त हुने रकम समेतलाई सम्झनु पर्छ।

७. “जलवायु वित्त परिचालनको सम्पर्क विन्दु” भन्नाले जलवायु कोषमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने तथा सम्पर्क गर्ने आधिकारिक निकाय सम्झनु पर्छ। जलवायु कोष विशेषले फरक नाम दिएको भए सो समेत सम्झनु पर्छ।

८. “जलवायु सम्बन्धी कार्य” भन्नाले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ। सो शब्दले जलवायु परिवर्तनको कारण भएको हानिनोक्सानीको सम्बोधन गर्ने कार्य तथा विपद व्यवस्थापन समेतलाई जनाउँछ।

९. “निजी परियोजना” भन्नाले निजी संस्थाले ५० प्रतिशत भन्दा बढी लगानी गरेको परियोजना सम्झनु पर्छ।

१०. “निजी संस्था” भन्नाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा तीनै तहको सरकारको ५० प्रतिशत भन्दा बढी स्वामित्व भएका संस्था बाहेकका नाफा कमाउने उद्देश्यले स्थापित संस्था सम्झनु पर्छ।

११. “परियोजना” भन्नाले जलवायु सम्बन्धी कार्य सम्बन्धी कार्यक्रम तथा परियोजना सम्झनु पर्छ।

१२. “परियोजनाको प्राथमिकता सूची” भन्नाले दफा ७ बमोजिम तयार गरिएको परियोजनाहरूको सूची सम्झनुपर्दछ।

१३. “प्राविधिक समिति” भन्नाले दफा २४ बमोजिमको समिति सम्झनु पर्छ।

१४. “मन्त्रालय” भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

१५. “विषयगत मन्त्रालय” भन्नाले नेपाल सरकारका विषयगत मन्त्रालय सम्झनु पर्छ।

१६. “मान्यताप्राप्त निकाय” भन्नाले जलवायु कोषहरूले जलवायु वित्त परिचालनको लागि मान्यता दिएको निकाय (एक्रिडिएटेड एजेन्सी) सम्झनु पर्छ।

## परिच्छेद-२

## जलवायु वित्त परिचालनका क्षेत्र र प्राथमिकता

३. प्राथमिकताका क्षेत्रः जलवायु वित्त परिचालनका लागि देहाय बमोजिमका क्षेत्रलाई प्राथमिकता दिनुपर्नेछ।

१. हानिनोक्सानी बापतको सम्बोधन

२. जलवायु अनुकूलन

३. उत्सर्जन न्यूनीकरण

४. कार्बन व्यापार

४. नीति, योजना तथा कार्यक्रमसँगको तादात्म्यता: जलवायु वित्त परिचालन गर्दा देहाय बमोजिमका नीति, योजना तथा कार्यक्रमसँग तादात्म्यता कायम गर्नुपर्नेछ।

१. नेपालको संविधान
२. प्रचलित नेपाल कानुन
३. नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता
४. बैदेशिक सहायता परिचालन नीति
५. राष्ट्रिय अनुकूलन योजना
६. प्रदेश तथा स्थानीय तहको अनुकूलन योजना
७. जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय निर्धारित योगदान
८. दिगो विकासका लक्ष्यमा योगदान
९. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका क्षेत्रगत नीति, आवधिक योजना, वार्षिक नीति, कार्यक्रम एवम् प्राथमिकता

५. परियोजना प्राथमिकीकरणका आधार परियोजनाको प्राथमिकीकरण गर्दा देहायका आधार लिनुपर्नेछ।

१. दफा ३ बमोजिमका क्षेत्र अनुसारको प्राथमिकता
२. दफा ४ बमोजिमका नीतिसँगको तादात्म्यता
३. परियोजनाको कुल लागतमा अनुदानको मात्रा बढी भएको
४. राष्ट्रिय प्रणालीबाट स्रोत परिचालन
५. परियोजनाको वित्तीय आकार
६. परियोजनाको प्रभाव र दिगोपना
७. भौतिक रूपमा देखिने कार्यक्रमको मात्रा
८. प्रादेशिक तथा भौगोलिक सन्तुलन
९. जलवायु परिवर्तनबाट प्रभावित क्षेत्रमा परियोजनाको अवस्थिति
१०. आर्थिक, सामाजिक, लैङ्गिक, समावेशी, वित्तीय तथा वातावरणीय प्रतिफल
११. रोजगारी सिर्जना
१२. लाभान्वित जनसंख्या
१३. अवधारणा, कार्यान्वयन प्रक्रिया तथा वित्तीय व्यवस्थापनमा नवीनतम सोच
१४. बृहत् स्तरमा कार्यान्वयन गर्न सकिने अवधारणा
१५. हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणमा योगदान
१६. नेपाल सरकारले गर्नुपर्ने वित्तीय योगदानको मात्रा
१७. परियोजनामा प्रयोग गरिने वित्तीय स्रोतको लागत

परिच्छेद-३

## परियोजना तर्जुमा

६. परियोजना तर्जुमाः परियोजना तर्जुमाको प्रक्रिया देहाय बमोजिम हुनेछ।

१. परियोजनाको तर्जुमा मान्यताप्राप्त / कार्यान्वयन गर्ने निकायले गर्नुपर्नेछ। अन्तर्राष्ट्रिय मान्यता प्राप्त संस्थाले तीनै तहको सरकारका निकायले कार्यान्वयन गर्ने गरी परियोजना तर्जुमा गर्नुपर्नेछ भने राष्ट्रिय मान्यताप्राप्त निकायले आफ्नो क्षमता र कार्यक्षेत्र बाहेकको परियोजना तीन तहको सरकारका निकायले कार्यान्वयन गर्ने गरी परियोजना तर्जुमा गर्नुपर्नेछ। सरकारी निकायले कार्यान्वयन गर्ने परियोजनामा जलवायु कोषको आवश्यकता पुरा गर्न आवश्यक पर्ने प्राविधिक सहायताको हदसम्मको रकम मान्यताप्राप्त निकाय स्वयंले परिचालन गर्ने गरी परियोजना तर्जुमा गर्न सकिनेछ।

२. परियोजना तर्जुमा गर्दा परिच्छेद-२ बमोजिमका जलवायु वित्त परिचालनका क्षेत्र तथा प्राथमिकतालाई आधार लिनुपर्नेछ।

३. परियोजना तर्जुमामा जलवायु कोषले निर्धारण गरेका प्राथमिकता तथा सूचकलाई समेत आधारको रूपमा लिनुपर्नेछ।

४. परियोजनाको क्रियाकलापको जलवायु सम्बन्धी कार्यसँग प्रत्यक्ष सम्बन्ध स्थापित भएको हुनुपर्दछ। न्यूनीकरण सम्बन्धी परियोजनाको हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणमा र अनुकूलन सम्बन्धि परियोजनाको जलवायु परिवर्तनको असर भएको क्षेत्रमा असर रोकथाम तथा न्यूनीकरण गर्ने कार्यसँग प्रत्यक्ष रूपमा सम्बन्ध स्थापित भएको हुनुपर्दछ।

५. परियोजनाको प्रशासनिक लागत र दोहोरोपना घटाउन सानो आकारको परियोजना भन्दा वृहत आकारको एकल परियोजना तर्जुमामा प्राथमिकता दिनुपर्नेछ।

६. मान्यताप्राप्त निकाय तथा कार्यान्वयन गर्ने निकायले आफ्नै स्रोत र क्षमताले परियोजना तर्जुमा गर्न नसक्ने अवस्थामा जलवायु कोषबाट “परियोजना तयारी अनुदान” लिन सक्नेछन्।

७. नेपालमा समानुपातिक रुपमा स्रोत प्राप्त हुने गरी अन्तर्राष्ट्रिय संस्थाले नेपाल सहित अन्य मुलुकसमेत कार्यक्षेत्र गरी बहुदेशीय परियोजना तर्जुमा गर्न सक्नेछन्।

८. लगानीको प्रत्यक्ष प्रतिफल प्राप्त हुने परियोजना बाहेक अन्य परियोजनामा ऋणको रूपमा जलवायु वित्तको परिचालन गरिने छैन।

९. परियोजना तर्जुमा गर्दा सम्बन्धित सरोकारवालाहरूसँग राय तथा परामर्श गर्नुपर्नेछ।

१०. नेपालको संविधान बमोजिम परियोजनाका क्रियाकलाप जुन तहको सरकारको अधिकारक्षेत्रभित्र पर्दछन् सोही तहले कार्यान्वयन गर्ने गरी परियोजना तर्जुमा गर्नुपर्दछ। तर संघले आफ्नो अधिकार क्षेत्रको क्रियाकलाप सशर्त अनुदान प्रदान गरी प्रदेश तथा स्थानीय तह र प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रको क्रियाकलाप सशर्त अनुदान प्रदान गरी स्थानीय तहबाट सञ्चालन गराउन सक्नेछन्।

११. परियोजना संचालनको लागि देहाय बमोजिमको तहको सहमति आवश्यक पर्नेछ।

क) स्थानीय तहले कार्यान्वयन गर्ने परियोजनालाई सम्बन्धित स्थानीय तह एवम् विषयगत मन्त्रालयको,

ख) प्रदेश सरकारले कार्यान्वयन गर्ने परियोजनाको लागि सम्बन्धित प्रदेश सरकार एवम् विषयगत मन्त्रालयको,

ग) संघ सरकारले कार्यान्वयन गर्ने परियोजनामा सम्बन्धित विषयगत मन्त्रालयको

स्पष्टीकरणः एकभन्दा बढी विषयक्षेत्रसँग सम्बन्धित परियोजना प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने भएमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विषयतगत मन्त्रालयको रूपमा कार्य गर्नेछ।

१२. अनुसूची-१ बमोजिमका विषय समावेश गरी परियोजनाको अवधारणापत्र तयार गर्नुपर्नेछ।

१३. अनुसूची-२ बमोजिमका विषय समावेश गरी विस्तृत परियोजना प्रस्ताव तयार गर्नुपर्नेछ।

७. <u>परियोजनाको प्राथमिकता सूची:</u> परियोजनाको प्राथमिकता सूची सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ।

१. मन्त्रालयमा एक परियोजनाको प्राथमिकता सूची रहनेछ।

२. मन्त्रालयले परियोजनाको प्राथमिकता सूचीमा परियोजना समावेश गर्नको लागि आवधिक रूपमा तथा जलवायु कोषको माग तथा राष्ट्रिय रुपमा भएको रकम बाँडाफाँट(कन्ट्री एलोकेशन) अनुसार छुटयाइएको रकममको लागि सार्वजनिक सूचना जारी गरी परियोजनाको अवधारणापत्र पेश गर्न आह्वान गर्नेछ।

३. मान्यताप्राप्त /कार्यान्वयन गर्ने निकायले अन्य समयमा समेत परियोजनाको प्राथमिकता सूचीमा परियोजना समावेश गर्न परियोजनाको अवधारणापत्र मन्त्रालयमा पेश गर्न सक्नेछन्।

४. मन्त्रालयमा पेश हुन आएका परियोजना अवधारणापत्रलाई मूल्यांकनको लागि प्राविधिक समितिमा पठाउनुपर्नेछ। प्राविधिक समितिले परियोजनाको अवधारणापत्र सुधारका लागि सुझाव दिएको भएमा अवधारणापत्र पेश गर्ने निकायले उक्त सुझाव समेटेर अवधारणापत्रमा संशोधन गर्नुपर्नेछ।

५. प्राविधिक समितिको सिफारिस बमोजिमका परियोजनालाई मन्त्रालयले परियोजनाको प्राथमिकता सूचीमा समावेश गर्नेछ।

६. परियोजनाको प्राथमिकता सूचीमा समावेश भएका परियोजना मध्येबाट मन्त्रालयले जलवायु कोषमा सिफारिस गरी पठाउनुपर्नेछ।

७. निजी संस्थाबाट कार्यान्वयन हुने परियोजनाको हकमा समेत परियोजनाको प्राथमिकता सूचीमा परियोजना समावेश हुनुपर्नेछ।

८. मन्त्रालयले डिजिटल प्लेटफर्म तयार गरी विद्युतीय माध्यमबाट समेत परियोजनाको प्राथमिकता सूची तयार गर्न सक्नेछ।

परिच्छेद-४

## जलवायु वित्तमा पहुँच सम्बन्धी प्रक्रिया

८. जलवायु कोषमा पहुँचः

१. मान्यताप्राप्त / कार्यान्वयन गर्ने निकायले परियोजनाको प्राथमिकता सूचीमा भएका परियोजनाको अवधारणापत्रलाई जलवायु कोषमा पठाउन वा पठाउने सहमतिको लागि मन्त्रालयमा निवेदन दिनुपर्नेछ। तर एकभन्दा बढी देशमा एउटै परियोजना सञ्चालन गर्ने गरी पेश भएको परियोजना भए परियोजनाको प्राथमिकता सूचीमा समावेश गर्नुपर्ने छैन।

२. मन्त्रालयले अनुरोध प्राप्त भएपछि परियोजनाको प्राथमिकता सूचीमा भएका परियोजनालाई उपयुक्तताको आधारमा जलवायु कोषमा पठाउन वा पठाउनको लागि सम्बन्धित अनुरोधकर्ता निकायलाई स्वीकृति दिई सोको जानकारी सात कार्यदिन भित्र सम्बन्धित अनुरोधकर्ता निकायलाई दिनेछ।

३. परियोजना प्रस्ताव पेश गर्ने समयावधि देहाय बमोजिम हुनेछ।

क) नेपालको लागि छुट्याइएको (कन्ट्री एलोकेशन) रकमबाट परियोजना कार्यान्वयन गर्ने गरी छनौट भएका परियोजनाको हकमा मान्यताप्राप्त/कार्यान्वयन निकायले परियोजना छनौट भएको जानकारी प्राप्त गरेको तीन महिनाभित्र सम्बन्धित जलवायु कोषमा पेश गर्ने प्रयोजनको लागि मन्त्रालयमा परियोजनाको अवधारणापत्र पेश गरिसक्नुपर्नेछ। विशेष कारणवश पेश गर्न नसकी कारण खुलाई मन्त्रालयमा निवेदन दिएमा मन्त्रालयले थप तीन महिना म्याद थप गर्न सक्नेछ। सो अवधिमा प्रस्ताव पेश नगरेमा मन्त्रालयले उक्त परियोजनालाई छुट्याएको रकम वैकल्पिक परियोजनालाई छुट्याउन सक्नेछ।

ख) परियोजनाको अवधारणापत्र जलवायु कोषमा पेश गर्न स्वीकृति दिएको एक महिना भित्र मान्यताप्राप्त निकाय/कार्यान्वयन गर्ने निकायले परियोजनाको अवधारणापत्र सम्बन्धित जलवायु कोषमा पेश गरी सोको जानकारी मन्त्रालयमा दिनुपर्नेछ। विशेष कारणवश अवधारणापत्र पेश गर्न नसकेमा कारण खुलाई मन्त्रालयमा निवेदन दिएमा मन्त्रालयले थप पन्ध्र दिनसम्म म्याद थप गर्न सक्नेछ। अन्यथा मन्त्रालयले प्रदान गरेको सहमति खारेज हुनेछ।

ग) मान्यताप्राप्त निकाय/कार्यान्वयन गर्ने निकायले पेश गरेको परियोजनाको अवधारणापत्र सम्बन्धित जलवायु कोषबाट स्वीकृत भएपछि एक बर्षभित्र तथा परियोजना तयारी अनुदान माग गर्ने परियोजनाको हकमा परियोजना तयारी अनुदान स्वीकृत भएको एक बर्षभित्र सम्बन्धित कोषमा पेश गर्ने प्रयोजनको लागि विस्तृत परियोजना प्रस्ताव मन्त्रालयमा पेश गरिसक्नुपर्नेछ। विशेष कारण खुलाई निवेदन दिएमा थप १ बर्षसम्म मन्त्रालयले म्याद थप गर्न सक्नेछ। अन्यथा मन्त्रालयले प्रदान गरेको सहमति खारेज हुनेछ।

४. मन्त्रालयले विस्तृत परियोजना प्रस्ताव मूल्यांकनको लागि प्राविधिक समितिमा पठाउनु पर्नेछ। प्राविधिक समितिले विस्तृत परियोजना प्रस्ताव संशोधनको लागि सुझाव दिएमा मान्यताप्राप्त/ कार्यान्वयन गर्ने निकायले सुझाव बमोजिम परियोजना प्रस्ताव संशोधन गर्नुपर्नेछ।

५. मन्त्रालयले जलवायु कोषमा विस्तृत परियोजना प्रस्ताव पेश गर्ने स्वीकृती सम्बन्धी निर्णयको जानकारी परियोजना प्रस्ताव पेश गर्ने निकायलाई दिनेछ।

६. जलवायु कोषबाट परियोजना स्वीकृत भएपछि वित्तीय सम्झौता तथा परियोजना कार्यान्वयन सम्झौता गर्नुपर्नेछ।

परिच्छेद-५

<u>रकम प्रवाह सम्बन्धी व्यवस्था</u>

९. <u>जलवायु वित्तको रकम प्रवाहः</u> जलवायु वित्तको रकम प्रवाह देहाय बमोजिम हुनेछ।

१. नेपाल सरकार एवं प्रदेश तथा स्थानीय तहबाट परिचालन हुने जलवायु वित्तको रकम राष्ट्रिय प्रणालीबाट गर्नुपर्नेछ।

२. नेपाल सरकारले सोझै जलवायु वित्त साझेदारसँग वित्तीय सम्झौता गरी जलवायु वित्तको रकम परिचालन गर्न प्राथमिकता दिनुपर्नेछ।

३. तीनै तहको सरकारका निकायबाट कार्यान्वयन गर्ने परियोजना वा परियोजनाको निश्चित क्रियाकलापको लागि अन्तर्राष्ट्रिय मान्यताप्राप्त निकायले मन्त्रालयसँग वित्तिय सम्झौता गरी संघीय संचित कोष मार्फत रकम प्रवाह गर्नुपर्नेछ ।

४. राष्ट्रिय मान्यताप्राप्तनिकायले आफैंले कार्यान्वयन गर्ने बाहेकका तीनै तहको सरकारी निकायबाट कार्यान्वयन गर्ने परियोजना वा परियोजनाको निश्चित क्रियाकलापको लागि अर्थ मन्त्रालयसँग समझदारीपत्रमा हस्ताक्षर गरी संघीय संचित कोषको माध्यमबाट रकम प्रवाह गर्नुपर्नेछ।

५. परियोजनाको आकार अनुसार परियोजना कुल लागतको अधिकतम २० प्रतिशत रकम मात्र प्रशासनिक र प्राविधिक विषयमा खर्च गर्न पाइनेछ।

६. प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने परियोजनाको हकमा सशर्त अनुदानको माध्यमबाट रकम प्रवाह हुनेछ।

७. स्रोत परिचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

परिच्छेद-६

<u>परियोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन</u>

१०. <u>परियोजनाको कार्यान्वयनः</u> परियोजनाको कार्यान्वयन देहाय बमोजिम हुनेछ।

१. परियोजना कार्यान्वयनको जिम्मेवारी परियोजना दस्तावेजमा उल्लेख भए बमोजिम हुनेछ।

२. परियोजना कार्यान्वयन गर्ने निकायले कार्ययोजना बनाई तोकिएको समय, लागत र गुणस्तरमा परियोजना सम्पन्न गर्नुपर्नेछ।

३. मान्यताप्राप्त निकायले प्राविधिक सहायताको रकम लिएको अवस्थामा परियोजना कार्यान्वयनको लागि नियमित रूपमा प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ।

४. मान्यताप्राप्त/कार्यान्वयन गर्ने निकायले परियोजना कार्यान्वयनको क्रममा आइपरेका समस्याको यथाशीघ्र समाधान गरी परियोजनाको कार्यान्वयन सुचारु गर्नुपर्नेछ।

११. <u>परियोजनाको अनुगमन मूल्यांकनः</u> परियोजनाको अनुगमन मूल्यांकन देहाय बमोजिम हुनेछ।

१. कार्यान्वयन गर्ने निकायले मान्यता प्राप्त निकाय मार्फत् चौमासिक रूपमा परियोजनाको प्रगति विवरण मन्त्रालयमा पेश गर्नुपर्नेछ। कार्यान्वयन गर्ने निकाय एक भन्दा बढी भएमा मुख्य निकायले मान्यताप्राप्त निकाय मार्फत चौमासिक अवधि समाप्त भएको १५ दिनभित्र यस्तो प्रगति विवरण मन्त्रालयमा पेश गरिसक्नुपर्नेछ।

२. नेपाल सरकारका विषयगत मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका परियोजनाको आवधिक मूल्यांकन गर्नुपर्नेछ।

३. मन्त्रालय/ प्राविधिक समितिले अर्धवार्षिक रूपमा परियोजनाहरूको समीक्षा गर्नेछ।

४. मन्त्रालय/ प्राविधिक समितिले परियोजनाको स्थलगत अनुगमन समेत गर्न सक्नेछ।

५. अनुगमनको क्रममा दिएका सुझाव तथा निर्देशनहरूको कार्यान्वयन गर्नु सम्बन्धित परियोजनाको कर्तव्य हुनेछ।

६. परियोजना कार्यान्वयन गर्ने निकायले मान्यताप्राप्त निकाय मार्फत परियोजनाको मध्यावधि र अन्तिम मूल्यांकन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-७

## <u>प्रदेश तथा स्थानीय तहमा जलवायु वित्त परिचालन सम्बन्धी विशेष व्यवस्था</u>

१२. <u>प्रदेश तथा स्थानीय तहमा जलवायु वित्तको परिचालनः</u> प्रदेश तथा स्थानीय तहमा जलवायु वित्तको परिचालन देहाय बमोजिम हुनेछ।

१. नेपालको संविधानको कार्य जिम्मेवारी बाँडफाँट बमोजिम परियोजना सञ्चालन गर्नुपर्नेछ।

२. संघको अधिकारक्षेत्रभित्र पर्ने विषयको परियोजना प्रदेश र स्थानीय तहबाट सञ्चालन गर्दा बढी प्रभावकारी हुने भएमा प्रदेश र स्थानीय तहबाट सञ्चालन हुनेछ। वित्तीय स्रोतको प्रवाह सशर्त अनुदानको माध्यमबाट हुनेछ।

३. नेपाल सरकारले सञ्चालन गरेको जलवायु सम्बन्धी कार्य सम्बन्धी राष्ट्रिय कार्यक्रममा जलवायु वित्तको परिचालन गर्दा जुन तहबाट उक्त कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुन्छ सोही तहबाट कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

४. प्रदेश र स्थानीय तहमा जलवायु सम्बन्धी कार्य सम्बन्धी राष्ट्रिय कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा सशर्त अनुदानको रूपमा रकम प्रवाह गर्नुपर्नेछ।

५. प्रदेश तथा स्थानीय तहमा परियोजनामा भएको दोहोरोपना र प्रशासनिक खर्च घटाउन साझा जलवायु कोष अवधारणाबाट जलवायु वित्त परिचालन गर्न प्राथमिकता दिनुपर्नेछ।

६. साझा जलवायु कोषबाट प्रदेश तथा स्थानीय तहको वार्षिक कार्यक्रममा भएको जलवायु सम्बन्धी कार्य सञ्चालन, प्रदेश तथा स्थानीय उत्सर्जन न्यूनीकरण योजना तथा प्रदेश तथा स्थानीय जलवायु अनुकूलन योजना कार्यान्वयनको लागि लागि स्रोत प्रवाह हुनेछ।

७. प्रदेश र स्थानीय तहमा साझा जलवायु कोषको अवधारणाअनुसार रकम प्रवाह गर्दा जलवायु सम्बन्धी कार्यसम्पादनमा आधारित भई सशर्त अनुदानको रूपमा गरिनेछ।

८. अनुकूलन सम्बन्धी परियोजना सञ्चालनमा स्थानीय तहलाई प्राथमिकता दिनुपर्नेछ। एक भन्दा बढी स्थानीय तह कार्यक्षेत्र भएमा र परियोजनालाई छुट्टाछुट्टै संचालन गर्न नसकिने अवस्थामा प्रदेश सरकार र नेपाल सरकारबाट सञ्चालन गर्नुपर्नेछ।

## परिच्छेद-८

## साझा जलवायु कोषको अवधारणा सम्बन्धी विशेष व्यवस्था

१३. साझा जलवायु कोष अवधारणाः जलवायु वित्त परिचालनमा भएको खण्डीकरण र दोहोरोपना रोक्न साझा जलवायु कोष अवधारणा अनुसार जलवायु वित्तको परिचालन गरिनेछ।

१. साझा जलवायु कोष अवधारणा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

क) मन्त्रालयले जलवायु वित्तका सम्भावित स्रोतहरुलाई एउटै डालोमा राखी जलवायु कोषको अवधारणा अनुसार स्रोत परिचालन गर्न सक्नेछ।

ख) जलवायु सम्बन्धी कार्यमा योगदान पुर्‍याउन इच्छुक जलवायु वित्त साझेदारले मन्त्रालयसँग वित्तीय सम्झौता गरी साझा जलवायु कोषमा रकम उपलब्ध गराउन सक्नेछन्।

ग) नेपाल सरकारले आवश्यकताको आधारमा कोषमा योगदान गर्न सक्नेछ।

घ) साझा जलवायु कोषमा सम्भाव्य अन्य जलवायु कोषबाट समेत रकम प्राप्त गर्न सकिनेछ।

ङ) प्रदेश तथा स्थानीय तहमा कोषबाट रकम प्रवाह गर्दा सशर्त अनुदानको रूपमा प्रवाह गरिनेछ।

च) जलवायु परिवर्तनको जोखिम, स्थानीय अनुकूलन योजना, जलवायु सम्बन्धी कार्यमा गरेको कार्यसम्पादन मूल्यांकन लगायतलाई आधार मानी सोही आधारमा उपलब्ध स्रोतलाई प्रदेश तथा स्थानीय तहमा बाँडफाँट गरिनेछ।

छ) यस्तो कोषबाट रकम बाँडफाँटको सिफारिसको लागि मन्त्रालयले कार्यदल गठन गर्नेछ र सोही कार्यदलले गरेको सिफारिसको आधारमा स्रोतको बाँडफाँट हुनेछ।

ज) कोषबाट उपलब्ध भएको रकम प्रदेश तथा स्थानीय तहले जलवायु सम्बन्धी कार्य बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाउनेछैन।

झ) मन्त्रालयले परियोजना विशेषमा समेत कोषबाट रकम प्रवाह गर्न सक्नेछ।

ञ) मन्त्रालयले कार्यक्रमको आधारमा जलवायु सम्बन्धी कार्य गर्न समेत कोषबाट रकम प्रवाह गर्न सक्नेछ।

## परिच्छेद-९

## निजी क्षेत्रमा जलवायु वित्त परिचालन सम्बन्धी विशेष व्यवस्था

१४. सहजीकरण: निजी क्षेत्रले प्राप्त गर्ने जलवायु वित्त परिचालनको लागि मन्त्रालयले आवश्यक सहजीकरण गर्नेछ।

१५. निजी क्षेत्रमा जलवायु वित्त परिचालन गर्दा ध्यान दिनुपर्ने विषयः

१. निजी क्षेत्रको परियोजनालाई मान्यताप्राप्त निकायले मन्त्रालयमा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।

२. परियोजना प्रस्ताव उपर मन्त्रालयले सम्बन्धित विषयगत मन्त्रालयको राय लिनुपर्नेछ।

३. जलवायु कोषले नेपाललाई छुट्याएको(कन्ट्री एलोकेशन) रकम बाहेक निजी क्षेत्र समेत सहभागी हुन पाउने तथा निजी क्षेत्रको लागि मात्र छुट्याएको रकममा मात्र निजी क्षेत्रले कार्यान्वयन गर्ने गरी परियोजनाको सिफारिस गर्नुपर्नेछ।

४. निजी क्षेत्रले लिने ऋणको सार्वभौम जमानी नेपाल सरकार बस्नेछैन। परियोजना सिफारिस गर्दा नेपाल सरकारलाई भविष्यमा वित्तीय दायित्व नपर्ने विषय खुलाई सिफारिस गर्नुपर्नेछ।

५. मान्यताप्राप्त निकायले सार्वजनिक सूचना जारी गरी सबै निजी निकायलाई जलवायु वित्तमा पहुँच प्राप्त गर्ने अवसर दिनुपर्नेछ।

६. मान्यताप्राप्त निकायले निजी निकायबाट प्राप्त परियोजनको छनौटको स्पष्ट मापदण्ड बनाई सोको आधारमा परियोजना मूल्यांकन गरी उच्च अंक प्राप्त गर्ने परियोजनालाई मूल्यांकन विवरण सहित मन्त्रालयमा सिफारिस गरी पठाउनुपर्नेछ।

७. निजी क्षेत्रमा जलवायु वित्त परिचालन गर्दा देहायका विषयहरूको परीक्षण गरिनेछ। मन्त्रालयले आवश्यकता अनुसार प्राविधिक समिति तथा विशेषज्ञको सेवा लिएर समेत परियोजनाको परीक्षण गराउन सक्नेछ।

क) परियोजना सञ्चालनमा उक्त निजी संस्थाको अनुभव

ख) परियोजना सञ्चालन गर्ने निजी संस्थाको वित्तीय अवस्था

ग) परियोजना सञ्चालन गर्ने निकायको क्रेडिट रेटिङ्ग

घ) परियोजना सञ्चालन गर्ने निकाय सार्वजनिक खरिद र बैंक तथा वित्तिय संस्थाको कालो सूचीमा नपरेको

ङ) परियोजनाले अर्थतन्त्रमा पुर्याउने योगदान(राजस्व, रोजगारी) लगायत मन्त्रालयले आवश्यक ठानेका अन्य विषय

८. निजी संस्थाले परियोजनाको लागि प्राप्त जलवायु वित्तलाई परियोजनाको उद्देश्य र क्रियाकलाप बाहेक अन्यत्र खर्च गर्ने पाउनेछैन। अन्यत्र खर्च गरेको प्रमाणित भएमा मन्त्रालयले रकम रोक्काको लागि सम्बन्धित जलवायु वित्त साझेदारकोमा लेखी पठाउन तथा नियामकीय कारवाहीको लागि सिफारिस गर्न सक्नेछ।

९. निजी संस्थाले परियोजनाको नियमित रूपमा लेखापरीक्षण गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

१०. मन्त्रालयको विद्युतीय प्लेटफर्ममा परियोजना दर्ता गरी परियोजनाको प्रगति विवरण तथा रकम प्रवाहको विवरण नियमित रूपमा प्रतिवेदन गर्नुपर्नेछ।

११. मन्त्रालय, विषयगत मन्त्रालय, नियमनकारी निकाय र मान्यताप्राप्त निकले जलवायु वित्त परिचालनको नियमित अनुगमन गर्नेछ। यस्तो अनुगमनको समयमा आवश्यक सूचना दिनु तथा दिएको निर्देशनको पालना गर्नु सम्बन्धित निजी निकायको दायित्व हुनेछ।

१२. मान्यताप्राप्त निकायले परियोजनाको मध्यावधि तथा अन्तिम मूल्यांकन गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१६. <u>अन्य व्यवस्था लागु हुने:</u> निजी क्षेत्रको परियोजनामा जलवायु वित्त परिचालन सम्बन्धी अन्य प्रक्रिया यस कार्यविधिको व्यवस्था बमोजिम नै हुनेछ।

## परिच्छेद-१०

## गैरसरकारी संस्थाबाट जलवायु वित्त परिचालन सम्बन्धी व्यवस्था

१७. <u>गैरसरकारी संस्थाबाट जलवायु वित्तको परिचा</u>लनः गैरसरकारी संस्थाबाट जलवायु वित्तको परिचालन देहाय बमोजिम हुनेछ।

१. सार्वजनिक निकायले भन्दा गैरसरकारी संस्थाले प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्ने र निजी क्षेत्र आकर्षित नहुने क्षेत्रमा परियोजना सञ्चालनको लागि गैरसरकारी संस्थालाई प्राथमिकता दिनुपर्नेछ।

२. समाजकल्याण परिषद्मार्फत प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ।

३. गैरसरकारी संस्थाले सञ्चालन गर्ने कार्यक्रम नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको प्रचलित कानुन, नीति, योजना तथा कार्यक्रमसँग आबद्ध हुनुपर्नेछ।

४. नेपालको संविधानको कार्यविभाजन अनुसार जुन तहको सरकारको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा परियोजना सञ्चालन गर्ने तहको सरकारको समन्वयमा परियोजना सञ्चालन गर्नुपर्नेछ।

५. भौगोलिक रूपमा दोहोरोपना नपर्ने गरी परियोजना सञ्चालन गर्नुपर्नेछ। समाज कल्याण परिषद्ले परियोजनाको डिजिटल नक्सांकन गरी दोहोरोपना नपर्ने सुनिश्चित गरी परियोजना सञ्चालनको अनुमति दिनुपर्नेछ।

६. परियोजनाको आकार अनुसार परियोजनाको कुल लागतको अधिकतम २० प्रतिशतसम्म मात्र प्रशासनिक तथा प्राविधिक विषयमा खर्च गर्न पाइनेछ।

७. राजनीतिक, धार्मिक क्रियाकलाप तथा सामाजिक तथा सांस्कृतिक पुँजीमा खलल पर्ने गरी गैरसरकारी संस्थाले जलवायु वित्तको रकम उपयोग गर्न पाइनेछैन।

८. परियोजनाले वर्षमा एकपटक सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण गर्नुपर्नेछ।

९. मन्त्रालयको डिजिटल प्लेटफर्ममा परियोजना सूचीकृत गरी वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

१०. परियोजनाको मध्यावधि र अन्तिम मूल्यांकन गरी सोको प्रतिवेदन विद्युतीय माध्यमबाट मन्त्रालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-११

## पारदर्शिता तथा जवाफदेहिता

१८. जलवायु वित्तमा पारदर्शिता: जलवायु वित्तमा पारदर्शिता बढाउन देहाय बमोजिमका कार्य गर्नुपर्नेछ।

१. मन्त्रालयले नेपालमा जलवायु वित्त परिचालनको समग्र अवस्था देखिने गरी देहाय बमोजिमका सूचना समावेश गरी डिजिटल प्लेटफर्म तयार गर्नेछ।

क) सञ्चालनमा रहेका परियोजनाको सूची

ख) परियोजनाको प्राथमिकता सूचीमा रहेका परियोजनाको सूची

ग) परियोजनाको अवधारणापत्र

घ) परियोजनाको डिजिटल नक्सांकन

ङ) परियोजनाको प्रगति विवरण

२. जलवायु वित्त परिचालन सम्बन्धी सूचना उपलब्ध गराउनु जलवायु वित्त साझेदार, परियोजना, मान्यताप्राप्त निकाय तथा विषयगत मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहको कर्तव्य हुनेछ।

३. सम्बन्धित निकायले डिजिटल प्लेटफर्ममा आफ्नो निकायसँग सम्बन्धित सूचना नियमित रूपमा अद्यावधिक गर्नेछ।

१९. जलवायु वित्तमा जवाफदेहिता: जलवायु वित्तमा जवाफदेहिता प्रवर्धनको लागि देहाय बमोजिम कार्य गर्नुपर्नेछ।

१. परियोजनाले प्रचलित कानुन बमोजिम नियमित रूपमा लेखापरीक्षण गराउनुपर्नेछ।

२. मन्त्रालयले आवश्यक देखेमा तेस्रो पक्षबाट कार्यसम्पादन लेखापरीक्षण गराउन सक्नेछ।

३. परियोजनाले वर्षको कम्तीमा एक पटक सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ र सोको जानकारी मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेछ। उक्त विवरण मन्त्रालयले डिजिटल प्लेटफर्ममा अद्यावधिक गर्नेछ।

परिच्छेद-१२

<u>जलवायु वित्तको प्रशासन</u>

२०. <u>जलवायु वित्त परिचालनको सम्पर्क विन्दुः</u> नेपालमा जलवायु वित्त परिचालनको सम्पर्क विन्दुको रूपमा मन्त्रालय रहनेछ। मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखा अन्तर्गत जलवायु वित्त इकाइ रहनेछ। यसले जलवायु वित्त परिचालन सम्बन्धी प्रशासनिक काम गर्नेछ।

१. जलवायु वित्त परिचालनमा मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) जलवायु वित्त परिचालन सम्बन्धी नीतिगत मार्गदर्शन गर्ने

ख) जलवायु वित्त परिचालनमा नेपाल सरकारका निकाय, तीनै तहका सरकार तथा निजी क्षेत्रसँग समेत समन्वय गर्ने

ग) अन्तर्राष्ट्रिय मञ्चमा जलवायु वित्त परिचालन सम्बन्धमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने

घ) परियोजनाको प्राथमिकता सूची तयार तथा अद्यावधिक गर्ने

ङ) जलवायु वित्त परिचालनको लागि स्वीकृति दिने

च) जलवायु वित्त परिचालनको लागि जलवायु वित्त साझेदारहरूसँग सम्पर्क तथा वार्ता गर्ने

छ) जलवायु वित्त परिचालनका लागि वित्तीय सम्झौता गर्ने

ज) जलवायु कोषबाट प्राप्त रकम प्रवाहको तरिका निर्धारण गर्ने

झ) जलवायु कोषहरूको मान्यता प्राप्तिको लागि निकायहरूको सिफारिस गर्ने

ञ) परियोजनाको अनुगमन तथा मूल्यांकन गर्ने

२१. <u>मान्यताप्राप्त निकायः</u> मान्यताप्राप्त निकायहरूले जलवायु वित्त परिचालनमा सहयोगीका रूपमा भूमिका निर्वाह गर्नेछन्।

१. <u>मान्यता प्राप्तिको प्रक्रियाः</u> नेपाल सरकारको सिफारिसमा जलवायु कोषबाट मान्यता प्राप्त गर्न देहायबमोजिमका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

क) मान्यता प्राप्त गर्न इच्छुक राष्ट्रिय संस्थाले जलवायु कोषमा मान्यताको लागि निवेदन दिनुपूर्व मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

ख) मन्त्रालयले प्राप्त निवेदन मूल्यांकनको लागि प्राविधिक समितिमा पठाउन सक्नेछ।

ग) प्राविधिक समितिले नेपाल सरकारको आवश्यकता, कोषको आवश्यकता, संस्थाको अनुभव, क्षमता तथा वित्तीय अवस्था समेतको आधारमा संस्थाको उपयुक्तताको मूल्यांकन गर्नेछ।

घ) मन्त्रालयले प्राविधिक समितिको सिफारिस समेतका आधारमा स्वीकृतिको निर्णय गर्नेछ।

ङ) मन्त्रालयले स्वीकृतिको जानकारी सम्बन्धित निकायलाई दिनेछ।

२. <u>मान्यताप्राप्त संस्थाको काम, कर्तव्य:</u> मान्यताप्राप्त संस्थाको काम, कर्तव्य देहाय बमोजिम हुनेछ।

क) परियोजनाको अवधारणा पत्र तथा विस्तृत परियोजना प्रस्ताव तयार गर्न कार्यान्यन गर्ने निकायसँग सहकार्य तथा समन्वय गर्ने

ख) मन्त्रालयबाट स्वीकृति प्राप्त गरेपछि निर्धारित समयमा परियोजना तर्जुमा गर्ने

ग) कार्यान्वयन गर्ने निकायलाई प्राविधिक सहयोग उपलब्ध गराउने

घ) मन्त्रालयले सहमति दिएमा परियोजना कार्यान्वयन गर्ने

ङ) परियोजनाको कार्यान्वयनमा सहयोग गर्ने

च) परियोजनाको अनुगमन मूल्यांकन गर्ने

छ) जलवायु कोषसँग समन्वय गर्ने

ज) मन्त्रालयमा नियमित रूपमा प्रगति विवरण पेश गर्ने

झ) मान्यता प्रदान गर्ने कोषले तोकिए बमोजिमका अन्य जिम्मेवारी बहन गर्ने

२२. <u>कार्यान्वयन गर्ने निकाय:</u> विस्तृत परियोजना प्रस्तावमा उल्लेख भएबमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र तथा गैरसरकारी संस्थाले परियोजनाको कार्यान्वयन गर्न सक्दछन्।

१. परियोजना कार्यान्वयन गर्ने निकायको काम तथा कर्तव्य देहायबमोजिम हुनेछ।

क) मान्यताप्राप्त निकायसँग सहकार्य र समन्वयमा परियोजनाको तर्जुमा गर्ने

ख) मन्त्रालयसँग जलवायु वित्त परिचालनमा समन्वय गर्ने

ग) परियोजनाको प्रभावकारी कार्यान्वयन गर्ने

घ) तोकिएको समय, लागत र गुणस्तरमा परियोजना सम्पन्न गर्ने

ङ) परियोजनाको नियमित अनुगमन गर्ने

च) परियोजना कार्यान्वयनमा देखिएको समस्याको यथाशीघ्र समाधान गर्ने

छ) परियोजनाका लागि सहवित्त आवश्यक पर्ने भएमा सोको व्यवस्था गर्ने

ज) परियोजनाको प्रतिफल र प्रभावको मूल्यांकन गर्ने

झ) मन्त्रालयमा नियमित रूपमा प्रगति विवरण पेश गर्ने

ञ) परियोजना कार्यान्वयनमा पारदर्शिता कायम गर्ने

ट) परियोजना कार्यान्वनमा जवाफदेही हुने

२३. <u>प्राविधिक समिति:</u>

१. जलवायु वित्त परिचालनमा मन्त्रालयलाई सहयोग गर्न प्राविधिक समिति रहनेछ।

(क) सहसचिव, वैदेशिक सहायता समन्वय महाशाखा, मन्त्रालय -संयोजक

(ख) उपसचिव, बजेट तथा कार्यक्रम महाशाखा, मन्त्रालय -सदस्य

(ग) उपसचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(घ) उपसचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(ङ) उपसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(च) उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

छ) उपसचिव, जल तथा मौसम विज्ञान विभाग- सदस्य

(छ) उप निर्देशक, नेपाल राष्ट्र बैंक -सदस्य

(ज) मन्त्रालयले मनोनित गरेका एक जना महिला सहित दुई जना विज्ञ -सदस्य

(झ) उपसचिव, मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखाको जलवायु इकाइ -सदस्य सचिव

(ञ) आवश्यकताअनुसार विषयगत मन्त्रालय तथा अन्य निकायबाट सदस्य आमन्त्रित गर्न सकिने

२. प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) मन्त्रालयबाट मूल्यांकनको लागि प्राप्त परियोजनाको अवधारणा तथा विस्तृत परियोजना प्रस्ताव मूल्यांकनको लागि परिच्छेद-२ बमोजिमका क्षेत्र तथा प्राथमिकताका आधारमा सूचकहरू बनाउने

ख) सूचकहरूको आधारमा परियोजनाको बस्तुनिष्ठ मूल्यांकन गर्ने

ग) मूल्यांकनको आधारमा परियोजनाको प्राथमिकता सूचीमा परियोजना समावेश गर्नको लागि मन्त्रालयलाई सिफारिस गर्ने

घ) मन्त्रालयबाट प्राप्त भए बमोजिम मान्यता प्राप्त गर्न निवेदन दिएका इच्छुक निकायहरूको मूल्यांकनको लागि प्राप्त भएमा आवश्यक सूचकहरू बनाइ सोको मूल्यांकन गर्ने

ङ) बस्तुनिष्ठ मूल्यांकनको आधारमा उपयुक्त निकायहरूलाई मान्यता प्राप्तिको लागि सिफारिस गर्ने

च) जलवायु वित्त परिचालन गर्न परियोजना पेश गर्ने निजी क्षेत्रको वित्तीय स्वास्थ्यको मूल्यांकन गर्ने

छ) मन्त्रालयले दिएको जलवायु वित्त सम्बन्धी अन्य जिम्मेवारी पूरा गर्ने

३. उपसमिति गठन गर्न सक्नेः समितिले आवश्यकता अनुसार उपसमिति गठन गरी कार्य जिम्मेवारी दिन सक्नेछ।

४. प्राविधिक समितिको सचिवालयः मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखामा रहेको जलवायु वित्त इकाइले प्राविधिक समितिको सचिवालयको भूमिका निर्वाह गर्नेछ।

परिच्छेद-१३

## विविध

२४. ऐन तथा नियमावली लागु हुनेः प्रस्तुत कार्यविधिमा कुनै व्यवस्था भएको प्रचलित नेपाल ऐन तथा नियमावलीसँग बाझिएको खण्डमा प्रचलित ऐन तथा नियमावलीमा भएको व्यवस्था लागु हुनेछ।

२५. जलवायु कोषको प्रक्रिया समेत लागु हुनेः यस कार्यविधिमा उल्लेख भएको विषय बाहेक जलवायु वित्त साझेदारले छुट्टै प्रक्रिया तोकेको भए सो समेत लागु हुनेछ।

२६. जलवायु वित्तको वर्गीकरणः जलवायु सम्बन्धी कार्यमा प्रयोग हुने रकमलाई मात्र जलवायु वित्तको रूपमा वर्गीकरण गरिनेछ।

२७. बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

२८. कार्यविधि लागु हुनेः मन्त्रालयले स्वीकृत गरेको मितिदेखि यो कार्यविधि लागु हुनेछ।

मस्यौदा

**अनुसूची १ः परियोजनाको अवधारणापत्रमा समावेश गर्नुपर्ने विषय**

## १) <u>परियोजनाको सारांशः</u>

क) नाम

ख) परियोजना सञ्चालन हुने स्थान

ग) मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकाय

घ) जलवायु सम्बन्धी कार्यको क्षेत्र

ङ) हरितगृह ग्याँस न्यूनीकरणको लक्ष्य

च) अनुकूलनको लक्ष्य (कूल जनसंख्याको प्रतिशतमा)

छ) कुल लागत

ज) जलवायु विकास साझेदार मार्फत प्रस्तावित जलवायु वित्तको रकम

झ) जलवायु वित्तको प्रकार (अनुदान, सहुलियतपूर्ण ऋण, सम्मिश्रित वित्तीय व्यवस्था)

ञ) परियोजनाको अनुमानित अवधि

ट) परियोजना तयारी रकम माग भए वा नभएको

## २) <u>परियोजनाको आधारभूत जानकारीः</u>

क) जलवायु परिवर्तनका जोखिम र प्रभाव

ख) हरितगृह ग्याँस उत्सर्जनको अवस्था

ग) कार्बन उत्सर्जन न्यूनीकरण र जलवायु अनुकूलनका आवश्यकता सम्बोधन गर्न परियोजनाका सम्भावित क्रियाकलाप

घ) जलवायु समस्या र परियोजनाले गर्ने जलवायु सम्बन्धी कार्य बिचको सम्बन्ध

ङ) नेपाल सरकारका नीति, योजना तथा कार्यक्रमसँग परियोजनाको तादात्म्यता

च) सामाजिक, लैङ्गिक, वित्तीय, नियामक, प्राविधिक, संस्थागत तथा अन्य चुनौती तथा सोलाई सम्बोधन गर्ने परियोजनाको रणनीति

## ३) <u>परियोजनाको विस्तृत जानकारीः</u>

क) परियोजनाको उद्देश्य

ख) परियोजनाका क्रियाकलाप, प्रतिफल र प्रभाव

ग) मान्यताप्राप्त निकाय वा सम्बन्धित निकायको परियोजना सञ्चालन गर्न सक्ने सक्षमताको आधार र सम्बन्धित निकायले सो परियोजना सञ्चालन गर्नुपर्नाको कारण

घ) परियोजना कार्यान्वयनको ढाँचा र संस्थागत व्यवस्था

ङ) परियोजना सञ्चालनको वित्तीय व्यवस्था सम्बन्धी विस्तृत विवरण

च) वित्तीय तथा सञ्चालन जोखिम र न्यूनीकरणका उपाय

छ) परियोजना सञ्चालनमा लक्षित वर्गको सहभागिता

ज) अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था तथा दिगोपनाको विश्लेषण

४) **अनुसूचीः**

क) परियोजना स्थान र नक्सा

ख) थियोरी अफ चेन्ज

ग) नतिजा खाका

घ) आर्थिक र वित्तीय विश्लेषण

ङ) पूर्व सम्भाव्यता अध्ययन (आवश्यकता अनुसार)

च) अघिल्लो परियोजनाको मूल्याङ्कन प्रतिवेदन (आवश्यकता अनुसार)

छ) वातावरण तथा सामाजिक सुरक्षाको स्क्रिनिङ

नोटः सम्बन्धित जलवायु वित्त साझेदारले छुट्टै ढाँचा तोकेको भए सोही बमोजिमका थप विवरण समावेश गर्नुपर्नेछ।

मस्यौदा

## अनुसूची-२

## विस्तृत परियोजना प्रस्तावमा आवश्यक पर्ने विवरण

१) **परियोजनाको सारांशः**

क) नाम

ख) परियोजना सञ्चालन हुने स्थान

ग) परियोजना अवधि

घ) मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायको नाम

ङ) परियोजनाको अवधारणापत्र पेश गरिएको वा अवधारणापत्र स्वीकृत भएको मिति

च) जलवायु सम्बन्धी कार्यको क्षेत्र

छ) हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणको विस्तृत विवरण

ज) प्रत्यक्ष तथा अप्रत्यक्ष लाभान्वित जनसंख्या

झ) परियोजनाको वित्तीय व्यवस्थाको संक्षिप्त विवरण

ञ) वातावरण तथा सामाजिक सुरक्षाको बर्गीकरण

ट) परियोजना तयारीको लागि सहायता लिए/नलिएको विवरण

ठ) सञ्चालनमा रहेको उस्तै प्रकारका परियोजनासँगको सम्बन्ध र समन्वय

२) **परियोजनाको आधारभूत जानकारीः**

क) जलवायु परिवर्तनका जोखिम र प्रभावहरू

ख) हरितगृह ग्याँस उत्सर्जनको अवस्था

ग) जलवायु सम्बन्धी कार्य

घ) जलवायु समस्या र परियोजनाले गर्ने जलवायु सम्बन्धी कार्यविचको सम्बन्ध

ङ) नेपाल सरकारका नीति, योजना तथा कार्यक्रमसँग परियोजनाको  तादाम्यता

च) सामाजिक, लैङ्गिक, वित्तीय, नियामक, प्राविधिक, संस्थागत तथा अन्य चुनौतीहरू तथा सोलाई सम्बोधन गर्ने परियोजनाको रणनीति

छ) प्रस्तावित परियोजना कार्यान्वयन नहुँदा सिर्जना हुने अवस्था

**ज)** सम्भाव्यता अध्ययनको पद्धति र सम्भाव्यता अध्ययनले देखाएको परिदृश्य

३) **<u>परियोजनाको विस्तृत जानकारी</u>**ः

क) परियोजनाको उद्देश्य

ख) परियोजनाका क्रियाकलाप, प्रतिफल र प्रभावको विस्तृत विवरण

ग) मान्यता प्राप्त निकाय वा सम्बन्धित निकायको परियोजना सञ्चालन गर्न सक्ने सक्षमताको आधार र सम्बन्धित निकायले सो परियोजना सञ्चालन गर्नुपर्नाको कारण

घ) सम्भाव्यता अध्ययनले देखाएको परिदृश्य र सम्भाव्यता अध्ययन अनुसार परियोजनाको क्रियाकलाप, प्रतिफल र प्रभाव विचको सम्बन्ध

ङ) परियोजनाको नवप्रवर्तनात्मक सोच, थप विस्तारको सम्भावना, ज्ञान तथा अनुभवको तथा प्रविधिको आदान प्रदान र क्षमता विकासमा पुर्याउने योगदान

च) दिगो विकासका लक्ष्यमा पुर्याउन सक्ने योगदान

छ) लक्षित वर्गको वित्तीय, आर्थिक, सामाजिक र संस्थागत क्षमता विकासमा परियोजनाले पुर्याउन सक्ने योगदान।

ज) नेपालको संविधान र नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको कानुन, नीति, योजना तथा कार्यक्रमसँगको तादाम्यता

झ) परियोजनाको आर्थिक तथा वित्तीय दक्षता र प्रभावकारिताको विश्लेषण

ञ) परियोजनाको दिगोपनाको विश्लेषण

**ट)** परियोजना कार्यान्वयनको ढाँचा र संस्थागत व्यवस्था

ठ) परियोजनाको लजिकल फ्रेमवर्क र नतिजा खाका

ड) वित्तीय र सञ्चालन जोखिम र न्यूनीकरणका उपाय

ढ) अनुगमन, प्रतिवेदन र मूल्याङ्कन सम्बन्धी व्यवस्था

४) **<u>परियोजनाको वित्तीय व्यवस्था</u>**

क) परियोजनाको सम्भावित वित्तीय स्रोतको विस्तृत विवरण

ख) नेपाल सरकारले योगदान गर्नुपर्ने भएमा स्रोतको सुनिश्चितता

**ग)** परियोजनाका क्रियाकलाप अनुसारको रकम बाँडफाँटको विवरण

५) **<u>अनुसूची</u>**

क) सम्भाव्यता अध्ययन

ख) आर्थिक र वित्तीय विश्लेषण

ग) विस्तृत बजेट योजना

घ) खरिद योजना

ङ) कार्यान्वयनको समयतालिका

च) वातावरण तथा सामाजिक सुरक्षा प्रतिवेदन

छ) सरोकारवालाको संलग्नता तथा परामर्शका परिणाम

ज) लैङ्गिक मूल्याङ्कन तथा कार्ययोजना

झ) अनुगमन र मूल्याङ्कन योजना

ञ) अन्य आवश्यक अनुसूची

नोटः सम्बन्धित जलवायु वित्त साझेदारले छुट्टै ढाँचा तोकेको भए सोही बमोजिमका थप विवरण समावेश गर्नुपर्नेछ।

मस्यौदा